बैठक नं. ६२

आज मिति २०७६ साल भाद्र २० गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणुआचार्य, उप प्रमुख
श्री नवराजकार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्दबहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार,वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडाअध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मानबहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षाविक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिमकुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिमबहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा,(सचिव)नि.प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशमबहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत
श्री कुलबहादुर खड्का, ना.सु.
श्री मोतिलाल प्रसाद, सव-ईन्जिनियर
श्री वीर बहादुर चुनारा, सरसफाईकर्मी

प्रस्तावहरु

१ : ढुंगा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थ ठेक्का लगाउने सम्बन्धमा कार्ययोजना र सो को रेट सम्बन्धमा ।

२ : छिन्चु बसपार्क आयोजनाको प्रतिवद्धता सम्बन्धमा ।

३ : भेरीगंगा नगरपालिकाको क्षेत्रमा जग्गा दर्ता समस्या समाधान तथा प्रतिवद्धता सम्बन्धमा ।

४. अटो तथा इ रिक्साको रुट निर्धारण संशोधन सम्बन्धमा ।

५. आ.ले.प. तथा सुविधा तोक्ने सम्बन्धमा ।

६. झोलुगे पुल हेरालु रकम सम्बन्धमा ।

७. झोलुगे पुलको म्याद थप तथा भुक्तानी सम्बन्धमा ।

८. गैरसरकारी संस्था छनौटका लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

९. वडा कार्यालय निर्माण सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६।०७७ सालका लागि ढुङ्गा, बालुवा, गिट्टीको उत्खन्न, संकलन, एवम आन्तरिक बिक्रि वितरण कार्यको संचालन कार्ययोजना सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । साथै उक्त कार्यको ठेक्का लगाउँदा दररेटको सम्बन्धमा प्रति घनफिट २.५ रुपैयाँ पर्ने गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै उक्त निर्णयलाई आगामी नगरसभाबाट अनुमोन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा यस नगरपालिकामा वन तथा वातावरण मन्त्रालय (वन तथा जलाधार महाशाखा) को च.नं. ५३, मिति २०७६।५।२ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा छिन्चु बसपार्क आयोजना निर्माण स्थलको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न र स्थलमा रहेका ९६ वटा रुखविरुवासमेत हटाउने सम्बन्धमा तोकिएका शर्तहरु पालना गर्ने गरी प्रतिवद्धतापत्र पेश गर्ने सम्बन्धमा यस नगरपालिकाको तर्फबाट आवश्यक लागत र नेपाल सरकारलाई जग्गा सट्टाभर्नालगायतका उक्त पत्रमा लेखिएबमोजिमका सबै शर्तहरु पालना गर्ने गरी प्रतिवद्धता पेश गर्ने सर्बसम्मतिले निर्णय गरियो । साथै उक्त निर्णयलाई आगामी नगरसभाबाट अनुमोन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा व्यापक छलफल गर्दा यस नगरपालिका अन्तर्गत पर्ने जग्गाको सुरु नाप नक्सा र फिल्डबुक समेत तयार भई दर्ता बाँकी रहेका जग्गा दर्ता समस्या समाधान गर्न सहमति माग भएको विषयको सम्बन्धमा यस नगरपालिकाबाट व्यहोर्नुपर्ने रकमको सम्बन्धमा आवश्यक बजेटको व्यवस्था गर्ने प्रतिवद्धता पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा भेरीगंगा नगरपालिका क्षेत्र भित्र अटो तथा इ रिक्सा व्यवस्थापन निर्देशिका, २०७५ मा छलफल भएबमोजिमको रुट निर्धारण संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा भेरीगंगा नगरपालिकाको आ.व. २०७५।०७६ को लागि आ.ले.प गर्नका लागि यस कार्यालयका श्री धन बहादुर सुनारलाई तोक्ने निर्णय गरियो । साथै पारिश्रमीक वापत थप डेढ महिना बराबरको रकम तलब शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा भेरीगंगा नगरपालिकाको क्षेत्रभित्र रहेका झोलुंगे पुलमा साविकबाट कार्यरत हेरालुलाई म्याद थप गरी मासिक ५०० का दरले कन्टेल्जेन्सीबाट भुक्तानी गर्न प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा बहादुर थिङ निर्माण सेवा प्रा.लि. बाट पेश भएको निवेदन उपर अध्ययन गर्दा म्याद थप गरी सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम प्रक्रिया पुरा गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ मा व्यापक छलफल गर्दा यस नगरपालिकाको झोलुंगे पुल निर्माणका लागि संघ संस्था छनौटका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ मा व्यापक छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ कार्यालयको भवन निर्माणका लागि वडा कार्यालयको माग बमोजिमको क्षेत्रमा स्थापना गर्न दिने निर्णय गरियो ।